## प्रेस विज्ञप्ति

# सामाजिक सञ्जाल बन्द गरेर उल्टो नागरिकलाई नै दण्डित गर्ने कार्य खेदजनक छ, अविलम्ब सच्याइयोस् !

**२०८२ भाद्र २३**

सूचीकरण नगरेको नाउँमा सामाजिक सञ्जाल प्लेटफर्म बन्द गर्ने सरकारको निर्णयप्रति जबाफदेहिता निगरानी समिति गहिरो खेद प्रकट गर्दछ। नियमन तथा व्यवस्थापनका लागि मानवअधिकारमैत्री रचनात्मक उपायहरू खोज्नेतर्फ नलागी आफ्नै नागरिक दण्डित हुने परिस्थिति निम्त्याउने गरी हठात् सामाजिक सञ्जाल प्लेटफर्म बन्द गर्ने यो कदम लोकतन्त्र र मानवअधिकारका मूल्य–मान्यता विपरीत छ।

फेसबुक, मेसेन्जर, युट्युबलगायतका लोकप्रिय सामाजिक सञ्जाल प्लेटफर्महरू बन्द गर्न सरकारले आड लिएको "सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०" ले वैधानिकता गुमाइसकेको तथ्यलाई सरकारले पूर्णतः बेवास्ता गरेको छ। प्रत्यायोजित विधायन, जस अन्तर्गत निर्देशिका समेत पर्छ, को सीमा निर्धारण गर्ने उद्देश्यले सङ्घीय संसद्ले बनाएको "विधायन ऐन, २०८१" ले स्पष्ट रूपमा मौलिक हक सीमित गर्ने वा संविधानमा “कानुन बमोजिम” कार्यान्वयन हुने गरी तोकिएका विषय निर्देशिका मार्फत निर्धारण गर्न निषेध गरेको छ। तसर्थ, विद्युतीय कारोबार ऐन,२०६३को परिधिभित्र नसमेटिएको सामाजिक सञ्जाल प्लेटफर्मलाई नियन्त्रण गर्ने प्रयोजनका लागि निर्देशिका बनाएर त्यसैको सहारा लिने काम आफैँमा असंवैधानिक छ।

सामाजिक सञ्जाल बन्द गर्दा नागरिकको अभिव्यक्ति स्वतन्त्रता, सुचनाको हक, सङ्गठित हुने अधिकार मात्र होइन, सामाजिक, आर्थिक र सांस्कृतिक जीवन गम्भीर रूपमा प्रभावित भएको छ। संविधानले प्रत्याभूत गरेका शिक्षा, स्वास्थ्य, श्रम, खाद्य, उपभोक्ता हित, संस्कृति र सामाजिक न्यायसम्बन्धी मौलिक हक समेत कुण्ठित हुन पुगेका छन्। विशेष गरी सामाजिक सञ्जालमार्फत मुलुक भित्रै शिक्षा, रोजगार, उद्यमको अवसर सिर्जना गर्दै आएका युवा पुस्ता आक्रान्त भएका छन्। उनीहरूमा त्रास, अनिश्चय र असन्तोष बढेको छ।


एकातिर सरकारले संसदमा विधेयक दर्ता गरेर सामाजिक सञ्जाललाई व्यवस्थित गर्न कानुनी प्रबन्ध गर्नु अपरिहार्य भएको तथ्य स्वीकार गरेको छ । अर्कोतिर, त्यही विधेयक संसदीय छलफल र संशोधन प्रक्रियाबाट कानुन बन्न नपाउँदै फरक सन्दर्भ र प्रसङ्गमा सर्वोच्च अदालतले जारी गरेको निर्देशनात्मक

आदेश—जसले कानुनी रिक्ततालाई सम्बोधन गर्न सम्म भनेको छ—लाई गलत व्याख्या गर्दै सामाजिक सञ्जाल बन्द गर्ने निर्णयमा पुगेको देखिन्छ । उक्त निर्णयको किमार्थ पनि औचित्य र वैधता पुष्टि हुँदैन ।

युवा पुस्तालाई मुलुकभित्रै सम्भावना देखाएर रोक्नु पर्ने गम्भीर चुनौती मुलुक सामु खडा भएको बेला, उनीहरूलाई डिजिटल रोजगारी, उद्यमशीलता र सिर्जनात्मक अवसरबाट वञ्चित गर्नु जस्तो विवेकहीन र गैरजिम्मेवारपूर्ण कार्य सर्वथा अस्वीकार्य छ । यसलाई तत्काल सच्याइएन भने राज्यप्रति युवापुस्ताको विश्वास तीव्र गतिमा टुट्दै जाने मात्र होइन, विदेश पलायनलाई पनि त्यसले थप प्रश्रय दिनेछ।

अतः सामाजिक सञ्जाल बन्द गर्ने निर्णय अविलम्ब उल्ट्याउन र संसदमा विचाराधीन विधेयकलाई संविधान र अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वको प्रकाशमा एवं युवा पुस्तालगायत सरोकारवालाहरूसङ्गको परामर्शमा आवश्यक परिमार्जन गरी शीघ्र कानुनको रूप दिन जबाफदेहिता निगरानी समिति नेपाल सरकारसँग जोडदार माग गर्दछ। साथै आइन्दा यस किसिमका नीति तथा निर्णय लिनु अगाडी त्यस्ता नीति तथा निर्णयको सामाजिक, आर्थिक एवं युवा वर्गमा पार्ने प्रभाव मूल्याङ्कन गर्ने परिपाटी बसाउन पनि निगरानी समिति हार्दिक आव्हान गर्दछ ।

**जवाफदेहिता निगरानी समितिको तर्फबाट,**



राजुप्रसाद चापागाई

संयोजक

***जवाफदेहिता निगरानी समितिमा आबद्ध सदस्यहरूः***

*राजुप्रसाद चापागाई (संयोजक), राजन कुईंकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरूः चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, ओमप्रकाश अर्याल, जनकबहादुर राउत, इन्द्रप्रसाद अर्याल, महामुनिश्वर आचार्य, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्रीप्रसाद भुसाल, निराजन थपलिया, काशीराम ढुंगाना, लक्ष्मी पोखरेल, पुष्पराज पौडेल, सन्तोषबाबु सिग्देल, मोहना अन्सारी, कमला पन्थी।*